ॐ सरस्वती नः सुभगा मयस्करत्

सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमद ।

# नेपाल संस्कृत विश्वविद्यालय

## अनुसन्धान केन्द्र

पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रम (प्रथम सेमेस्टर २०७७/०७८)

**मिति : २०७८ श्रावण ५ गते**

## सूचना तथा जानकारी

**प्रिय शोधार्थी मित्रहरू !**

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रअन्तर्गत प्रथम सेमेस्टर (२०७७/०७८) को १२ क्रेडिट आवर को कक्षामा सहभागी सम्पूर्ण शोधार्थीहरूलाई हार्दिक धन्यवाद । सहभागी सबै शोधार्थीहरूको सक्रिय सहभागिता, तत्परता र जिज्ञासु प्रवृत्तिको अनुसन्धान केन्द्र हार्दिक प्रशंसा गर्दछ । अनुसन्धान केन्द्रले सञ्चालन गरेको प्रथम सेमेस्टरको कक्षाकार्यक्रम निर्विघ्नतापूर्वक सम्पन्न भएको छ । सबै शोधार्थीहरूको सहजता र सुविधालाई ध्यान दिई यही श्रावण २३ गते शनिवारका दिन मुलुकका पाँच स्थान (पूर्वमा धरान, मध्यभागमा काठमाडौं, पश्चिममा बुटवल, मध्यपश्चिममा दाङ र सुदूर पश्चिममा महेन्द्रनगर) मा लिखित परीक्षा सञ्चालन हुन लागेको कुरा सहर्ष जानकारी गराइन्छ । लिखित परीक्षासम्बन्धी जानकारीका साथै प्रथम सेमेस्टरको पाठ्यक्रमसँग सम्बद्ध लेखन सामग्री, बुझाउने समयतालिका र प्रक्रियासम्बन्धी आवश्यक जानकारी निम्नानुसार छ :

### लिखित परीक्षासम्बन्धमा

- लिखित परीक्षा माथि उल्लेख गरिएको मिति र स्थानमा एकै दिन एकै साथ सञ्चालन गरिनेछ ।
- लिखित परीक्षाको पूर्णाङ्क ४० र समय दुई घण्टा हुनेछ ।
- निर्धारित मितिमा बिहान ८.०० बजेदेखि १० बजेसम्म दर्शनशास्त्रको, १२ बजेदेखि २.०० बजेसम्म शोधविधिको र ३.०० बजेदेखि ५.०० बजेसम्म प्राज्ञिक लेखनपत्रको परीक्षा सञ्चालन गरिनेछ ।
- लिखित परीक्षा र पाठ्यक्रमसँग सम्बद्ध क्रियाकलाप दुवै काममा अङ्ग्रेजी भाषामा शोधप्रबन्ध लेख्ने शोधार्थीले अङ्ग्रेजी भाषाकै प्रयोग गर्नुपर्नेछ । त्यस्तै संस्कृत र नेपाली भाषामा शोधप्रबन्ध लेख्ने शोधार्थीले नेपाली भाषालाई माध्यम बनाउन सक्नेछन् ।
- आफूले परीक्षा दिन चाहेको केन्द्रको बारेमा हरेक शोधार्थीले श्रावण १२ गतेभित्र अनुसन्धान केन्द्रलाई अनिवार्य रूपमा जानकारी गराइसक्नु पर्नेछ ।

- लिखित परीक्षा सकिएको २० दिनभित्र प्रथम सेमेस्टरको ६० पूर्णाङ्क बराबरको पाठ्यक्रमसँग सम्बद्ध क्रियाकलाप पूरा गरी अनुसन्धान केन्द्रमा बुझाउनु पर्नेछ । यसपछि मात्र प्रथम सेमेस्टरको परीक्षाफल प्रकाशित गरिनेछ ।
- लिखित परीक्षामा प्रत्येक पत्रअन्तर्गत सोधिने प्रश्नको नमुना परिशिष्ट १ मा दिइएको छ ।

## पाठ्यक्रमसँग सम्बद्ध क्रियाकलाप यस प्रकार छन् :

- ***शोधविधि पत्रअन्तर्गत निम्न क्रियाकलाप पूरा गर्नुपर्नेछ :***
  - कक्षा अवधिमा शोधशीर्षकमाथि छलफल गरिएअनुसार तय भएको नयाँ शोधशीर्षकअनुरूप तयार पारिएको पूर्णतः परिमार्जित र परिष्कृत नवीन शोधप्रस्ताव (पूर्णाङ्क ३० र यो अनिवार्य छ) ।
  - पूर्वकार्यसमीक्षाको प्रयोजन र ढाँचा (पूर्वकार्यसमीक्षा किन लेखिन्छ र यसको ढाँचा केकस्तो हुन्छ ?) भन्ने कुराको समीक्षात्मक लेखन (पूर्णाङ्क ३०) ।

    वा
  - क्षेत्रीय कार्य (फिल्ड स्टडी) मा कुन कुन उपकरण (टुल्स) प्रयोग गर्न सकिन्छ भन्ने कुराको विस्तृत जानकारी र उदाहरणसहित तपाईको अध्ययनमा क्षेत्रकार्य आवश्यक छ, वा छैन र छ भने किन साथै छैन भने किन ?

- ***दर्शनशास्त्र पत्रअन्तर्गत निम्न दुई क्रियाकलाप पूरा गर्नुपर्नेछ :***
  - अध्ययनपत्र ४० पूर्णाङ्कको । सामान्यतया यो अध्ययनपत्रमा तीन खण्ड समाविष्ट हुनुपर्नेछ :
    - पूर्वीय र पाश्चात्य दार्शनिक दृष्टिकोणका आधारमा तत्त्वमीमांसा (मेटाफिजिक्स) ।
    - पूर्वीय र पाश्चात्य दार्शनिक दृष्टिकोणका आधारमा ज्ञानमीमांसा (इपिस्टेमोलोजी) ।
    - सम्बद्ध शोधार्थीले रोजेको विद्यावारिधि शीर्षकको विषय वा सवालसँग सम्बद्ध तत्त्वमीमांसा र ज्ञानमीमांसा ।
  - पूर्वीय वा पाश्चात्य दर्शनशास्त्र विषयको बजारमा भर्खरै आएको वा पछिल्लो कालखण्डमा प्रकाशित (सम्भव भएसम्म आफ्नो विधागत दर्शनसँग सम्बद्ध) पुस्तकको विश्लेषणात्मक/प्रतिवेदनात्मक वा स्प्रिडबोर्ड ढाँचामा लेखिएको समीक्षा (२० पूर्णाङ्कको) ।
  - पुस्तक समीक्षाको विश्लेषणात्मक/प्रतिवेदनात्मक र स्प्रिडबोर्ड यी दुई ढाँचाका बारेमा परिशिष्ट २ मा जानकारी दिइएको छ ।
- ***प्राज्ञिक लेखन पत्रअन्तर्गत निम्न क्रियाकलाप पूरा गर्नुपर्नेछ :***
  - तपाईले आफ्नो शोधप्रस्तावमा उल्लेख गरेको समस्या कथनअन्तर्गतको पहिलो शोधप्रश्नको समाधानमा केन्द्रित रही एउटा शोधलेख लेख्ने । साथै उक्त शोधलेखमा प्राज्ञिक लेखनका कुन कुन विशेषता (जस्तैः तथ्य/प्रमाण, मानक भाषा, विधाअनुकूलका शब्दको प्रयोग आदि) को उपयोग कहाँ कहाँ र कसरी गरिएको छ भन्ने कुरासमेत इङ्गित गर्ने (३० पूर्णाङ्कको) । शोधलेखको न्यूनतम स्तर र ढाँचासम्बन्धी आधारभूत जानकारी परिशिष्ट ३ मा दिइएको छ ।
  - आफ्नो शोधकार्यमा उपयोग गरिने कुनै एउटा पुस्तकको विश्लेषणात्मक/प्रतिवेदनात्मक वा स्प्रिडबोर्ड मध्ये कुनै एक ढाँचामा आधारित रही समीक्षा गर्ने (३० पूर्णाङ्कको) ।
  - पुस्तक समीक्षाको विश्लेषणात्मक/प्रतिवेदनात्मक र स्प्रिडबोर्ड यी दुई ढाँचाका बारेमा परिशिष्ट २ मा जानकारी दिइएको छ ।

# परिशिष्ट १ : नमुना प्रश्नपत्र

**नेपाल संस्कृत विश्वविद्यालय**
**अनुसन्धान केन्द्र**
पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रम
नमुना प्रश्नपत्र

पत्र : प्राज्ञिक लेखन (५०३) पूर्णाङ्क : ४०
समय : २ घण्टा

**उत्तराणि स्वकीयैश्शब्दैर्लेखनीयानि । पार्श्वस्था अङ्काः पूर्णाङ्कान् द्योतयन्ति । सर्वे प्रश्ना अनिवार्याः ।**

१. प्राज्ञिक लेखनका बारेमा विद्वान्हरूका परिभाषा प्रस्तुत गर्दै विषयगत वा विधागत प्राज्ञिक लेखन भन्नाले के बुझिन्छ, चर्चा गर्नुहोस् ।
What do you understand by Subject based or discipline based academic writing? Discuss it along with the definitions of academic writing as given by various scholars.

अथवा

लेखनका विभिन्न रूपहरूसँग प्राज्ञिक लेखनको भिन्नता देखाउँदै यसको स्वरूप र विशेषताहरूको विवेचना गर्नुहोस् ।
Discuss about the difference between academic writing with other types of writing and also highlight its form and characteristics. 10

२. कुनै चार प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :
Answer any four questions: (4x5 = 20)

-क) शोधप्रबन्धको अग्रभागमा समेटिने आधारभूत विषयहरूको छोटो जानकारी दिनुहोस् ।
Briefly introduce materials to be included in the front part of the dissertation.

(ख) प्राज्ञिक लेखनलाई पठनीय बनाउने मूलभूत तत्त्वहरूको परिचय दिनुहोस् .
Introduce the basic elements that make academic writing readable?

(ग) शोधप्रबन्धको परिचय खण्ड भन्नाले के बुझिन्छ ?
What do you mean by the introductory part of a dissertation?

(घ) शोधप्रबन्ध लेखनमा शब्द र पदावलीको चयन गर्दा केके कुरामा ध्यान दिनुपर्छ ?
Where should one pay attention while selecting words and phrases in a thesis writing?

(ङ) प्राज्ञिक लेखनको भाषासम्पादन भन्नाले के बुझिन्छ ?
What do you mean by language editing in Academic Writing?

(च) स्तरीय वाक्यका लागि आवश्यक तत्त्वहरूको बयान गर्नुहोस् ।
Describe about the essential elements while formulating standard sentences.

३. सङ्कथनका प्रकारहरूको छोटो चर्चा गर्नुहोस् र सम्भव भएसम्म आफ्नो विषयसँग गाँस्नुहोस् ।
Discuss briefly 'Types of Discourses' and try to relate it with your concerned subject area. 10

# नेपाल संस्कृत विश्वविद्यालय
## अनुसन्धान केन्द्र

पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रम

नमुना प्रश्नपत्र

पत्र : दर्शनशास्त्र (५०१) पूर्णाङ्क : ४०

समय : २ घण्टा

**उत्तराणि स्वकीयैश्शब्दैर्लेखनीयानि । पार्श्वस्था अङ्काः पूर्णाङ्कान् द्योतयन्ति । सर्वे प्रश्ना अनिवार्याः ।**

१. वेदान्त दर्शनले अवलम्बन गरेको मायावाद र विवर्तवादको पद्धतिमा आधारित रही जगत्को अनित्यता प्रतिपादन गर्नुहोस् ।

Discuss impermanence of the world based on Mayavad and Vivartavada of Vedanta. 10

अथवा

ग्रीसेली दर्शन र क्रिश्चियन दर्शनमा पाइने समानता र भिन्नता पहिचान गरी विवेचना गर्नुहोस् ।

Identify and discuss similarity and difference between Greek and Christian Philosophy.

२. कुनै चार प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ५x४= २०

(क) वेद, ब्राह्मण र उपनिषद्मा दार्शनिक चिन्तनको स्वरूप कस्तो पाइन्छ ?

What is the philosophical thinking of Veda, Brahmana and Upanisads ?

(ख) बुद्ध दर्शनले सांसारिक दुःखको कारण केलाई मानेको छ ?

What is the cause of worldly suffering according to Buddhist philosophy?

(ग) साङ्ख्य दर्शनले जगत्को विकास कसरी देखाएको छ ?

How does Sankhya philosophy show the evolution of the World ?

(घ) ग्रीसेली प्रकृति दर्शनका मूलभूत मान्यताहरू के हुन् ?

What are fundamental ideas of Nature philosophy of Greece ?

(ङ) देकार्तले ईश्वरको अस्तित्व प्रतिपादन गर्न प्रस्तुत गरेका तर्क के हुन् ?

What are the reasons that Descartes use for establishing the existence of God ?

(च) नारीवादको दार्शनिक आधार के हो ?

What is the philosophical grounding of Feminism?

३. पूर्वीय न्यायदर्शनले प्रतिपादन गरेको पञ्चावयव पद्धति वा पाश्चात्य समन्वयवादी दर्शनले प्रतिपादन गरेको आगमनपद्धति अवलम्बन गरी कुनै पाँच प्रतिज्ञावाक्य वा तर्कवाक्य (प्रतिज्ञप्ति) को सत्यता पुष्टि गर्नुहोस् ।

Following Panchavayav theory of Nyaya or inductive reasoning of the west verify five logical propositions. 10

# नेपाल संस्कृत विश्वविद्यालय
## अनुसन्धान केन्द्र

पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रम

लिखित परीक्षा

नमुना प्रश्नपत्र

पत्र : शोधविधि (५०२) पूर्णाङ्क : ४०

समय : २ घण्टा

**उत्तराणि स्वकीयैश्शब्दैर्लेखनीयानि । पार्श्वस्था अङ्काः पूर्णाङ्कान् द्योतयन्ति । सर्वे प्रश्ना अनिवार्याः ।**

१. अनुसन्धान भन्नाले के बुझ्नुहुन्छ ? आवश्यक तर्क प्रस्तुत गर्नुहोस् र यसलाई अनुसन्धान प्रक्रियासित जोड्नुहोस् ।

What do you understand by 'research' ? Argue and relate it with the research process.

अथवा

प्रयोग, उद्देश्य र पद्धतिका आधारमा अनुसन्धानका प्रकारहरूबारे छलफल गर्नुहोस् ।

Discuss types of research based on application, objectives and mode of inquiry. 10

२. कुनै चार प्रश्नहरूको उत्तर दिनुहोस् ।

Answer any four questions: (4x5 = 20)

क) अनुसन्धान पद्धतिमा पूर्वकार्य समीक्षाको के महत्त्व छ ? तार्किक ढङ्गले उत्तर दिनुहोस् ।

Why is Literature Review very significant in research process? Explain logically.

ख) अनुसन्धान प्रक्रियामा आठ तहको मोडेलबारे चर्चा गर्नुहोस् ।

Discuss eight step model in research process.

ग) अनुसन्धान शीर्षक निर्माण प्रक्रियामा विषयक्षेत्रदेखि निश्चित शीर्षक चयनसम्म कुन-कुन चरण अनुसरण गर्नुपर्ने र कुन-कुन चरण गर्नु नपर्ने हुन्, छलफल गर्नुहोस् ।

What is the process in formulating a research topic from subject area to fixed topic ? Enumerate the steps that are to be followed and the steps not to be followed.

घ) शोधशीर्षक, समस्याकथन, शोधप्रश्नहरू र शोध उद्देश्यबीच केकस्तो अन्तर्सम्बन्ध छ व्याख्या गर्नुहोस् ।

What is the interrelationship between research topic, statement of problem, research questions and research objectives?

ङ) शोधप्रबन्ध (थेसिस) मा अनुसन्धान ढाँचाको के महत्त्व छ ?

What is a Research Design in a research thesis?

च) परिमाणात्मक र गुणात्मक अनुसन्धान पद्धतिबीचका आधारभूत भिन्नताहरू केके हुन्, व्याख्या गर्नुहोस् ।

What is basic difference between quantitative and qualitative research ? Explain with examples.

३. अनुसन्धान प्रस्तावना निर्माण प्रक्रियामा आवश्यक तत्त्वहरू समावेश गरी तपाईंको विषयसित सम्बन्धित अनुसन्धान प्रस्तावना तयार पार्नुहोस् ।

Prepare a tentative research proposal related to your subject area. You must briefly introduce all essential components necessary in the process of formulating a research proposal. 10

# परिशिष्ट २ : पुस्तक समीक्षाको प्रकार र ढाँचा

पुस्तक समीक्षा मूलतः दुई प्रकारको हुन्छ :

**(१) विश्लेषणात्मक/प्रतिवेदनात्मक ढाँचा**

यसमा पुस्तकको बाह्य विवरणका साथै त्यसभित्र के लेखिएको छ भन्ने कुराको समेत समीक्षात्मक जानकारी दिइएको हुन्छ । यसमा उक्त पुस्तकका सबल दुर्बल पक्ष केलाएर त्यसको मूल्याङ्कन समेत गरिन्छ ।

विश्लेषणात्मक ढाँचाको पुस्तक समीक्षामा निम्न कुरा आउनु पर्छ :

(क) पुस्तकको छोटो परिचय

- शीर्षक :
- लेखक :
- विधा
- प्रकाशक :
- प्रकाशन मिति :
- संस्करण :
- पृष्ठ सङ्ख्या :
- आइएसबिएन नं. :
- मूल्य :

(ख) समीक्षा (निम्न बुँदामा आधारित रहेर छोटा छोटा ४०/५० वाक्यमा पुस्तकको समीक्षा गर्नोस्)

- लेखकको लेखन प्रवृत्तिबारे एक दुई वाक्य लेख्नोस् ।
- प्रस्तुत कृति लेखकको कतिऔं कृति हो ?
- पुस्तक कुन विषयसँग सम्बन्धित छ ?
- यो कुनै कवितासङ्ग्रह, कथासङ्ग्रह, निबन्धसङ्ग्रह वा एकाङ्कीसङ्ग्रह हो भने यसमा कतिवटा कविता, कथा, निबन्ध वा एकाङ्की सङ्कलित छन् ?
- तिनको विषयवस्तु/क्षेत्र के छ ?
- उक्त विषयको प्रतिपादन कसरी गरिएको छ ?
- पुस्तकको संरचनात्मक ढाँचा/बनोट कस्तो छ ?

- यसको भाषाशैली र आशय **(Tone)** केकस्तो छ ?
- पुस्तकको सबैभन्दा रोचक र महत्त्वपूर्ण पक्ष कुन हो जस्तो तपाईलाई लाग्छ ? किन ?
- यो पुस्तकले सम्बन्धित वाङ्मयमा केकस्तो नयाँ कुरा दिएको/थपेको तपाई ठान्नुहुन्छ ?
- यसको भूमिकामा कसैले केही महत्त्वपूर्ण कुरा भनेको छ भने के भनेको छ ? के उसले भनेको कुरा सही छ ? किन ?
- तपाईलाई यो पुस्तक मन पर्‍यो ? पर्‍यो भने किन र परेन भने किन ?

(ग) उपसंहार (निम्न बुँदामा आधारित रहेर आठ दश वाक्यमा समीक्षाको उपसंहार लेख्नोस्)

- तपाईलाई यो पुस्तक कुन स्तरको लाग्यो ? उत्कृष्ट, मध्यम वा सामान्य ? किन ?
- के तपाई यो पुस्तक अरूलाई पढ्न सिफारिस गर्नुहुन्छ ? किन ?
- पढ्ने मान्छेले यसबाट के लाभ पाउँछन् जस्तो तपाईलाई लाग्छ ?
- कस्तो वर्ग/क्षेत्रका मान्छेले यो पुस्तक मन पराउन सक्छन् ?
- यसका उल्लेख गर्नै पर्ने केही विशेषता छन् ?
- आफूलाई लागेका अन्य केही कुरा ?

## (२) स्प्रिङबोर्ड ढाँचा

'स्प्रिङ बोर्ड' शब्द दौडिने खेलका क्षेत्रमा प्रयोग गरिने शब्द हो । ठूला दौड प्रतियोगितामा दौड थालनी गर्ने ग्राउण्ड हुन्छ । त्यसमा दौडिनेहरू एउटा खुट्टा अघि, अर्को पछि गरेर तयारी पोजिसनमा बसेका हुन्छन् । उनीहरूको अगाडि एउटा चक्का लगाइएको हुन्छ, रेखाजस्तै । दौडिनका लागि सिठ्ठी बज्नासाथ वा बन्दुक पड्किनासाथ दौडिनेहरू स्प्रिङजस्तै उफ्रेर त्यो चक्कालाई फ्वाट्ट नाघेर जान्छन् र दौडिन थाल्छन् । उफ्रिनलाई उत्प्रेरित गर्ने भएकाले त्यो चक्कालाई 'स्प्रिङ बोर्ड' भनिएको हो । यसैगरी जिम्न्यास्टिक खेल वा पौडी खेलमा पनि एउटा स्प्रिङ बोर्ड प्रयोग गरिन्छ, जसले मान्छेलाई अझ माथि उफ्रिन उत्प्रेरित गर्छ । अङ्ग्रेजी शब्दकोशमा स्प्रिङबोर्डको परिभाषा यस्तो छ :

**a board that can bend, helping people to jump higher when jumping or diving into a swimming pool or when doing gymnastics.**

स्प्रिङबोर्ड ढाँचालाई नेपालीमा सन्दर्भगत विषयसमीक्षा भन्दछन् । यस्तो पुस्तक समीक्षामा पुस्तकभित्र वर्णित कुनै एक विषयलाई टेको/आधार बनाएर समीक्षक उफ्रिन्छ र त्यससम्बन्धी आफ्ना विचारहरू अगाडि बढाउँछ । पुस्तकभित्रको थिमका आधारमा आफ्ना कुरा राख्दै विस्तार गरिने भएकाले यस्तो ढाँचा अलि बढी मौलिक र स्वतन्त्र प्रकृतिको हुन्छ । यसमा स्वतन्त्र उडानसँगै बीच बीचमा पुस्तकसँग पनि सम्बन्धित गराउँदै अघि बढिन्छ ।

उदाहरणका लागि : कुनै पुस्तक लैङ्गिक विभेदबारे लेखिएको छ । यसबारे समीक्षा गर्न लाग्दा उक्त पुस्तकको थिमका रूपमा रहेको लैङ्गिक विभेदको अवधारणालाई टिपेर त्यससँग सम्बन्धित आफ्ना विचारहरू राख्दै गइन्छ र बीच बीचमा पुस्तकसँग पनि सम्बन्धित गराउँदै लगिन्छ । तलको वेबसाइटमा पुस्तक समीक्षासँग सम्बन्धित पर्याप्त जानकारी छन् :

https://www.literacyideas.com/how-to-write-a-great-book-review

स्प्रिङबोर्डको चित्र तल दिइएको छ :



# परिशिष्ट ३ : शोधलेखको न्यूनतम स्तर र ढाँचा

शोधलेख संस्कृत, नेपाली र अङ्ग्रेजी भाषामा लेखिएको र कम्तीमा ४००० (९ देखि ११ पेजसम्म) शब्दसीमामा निबद्ध हुनुपर्छ। आफ्नो विषयसँग सम्बन्धित मुख्य विधागत क्षेत्रहरूबाट स्वयम्ले उपयुक्त शीर्षक छनौट गरी लेख लेख्नुपर्नेछ। शोधलेख अनुसन्धानात्मक, तथ्यमूलक, तार्किक ढाँचामा निबद्ध र विश्लेषणात्मक एवम् मौलिक हुनुपर्छ । यसमा स्वीकृत वर्णविन्यास र भाषाशैलीअनुसार भाषिक र विषयवस्तुको सम्पादन गरिएको हुनुपर्छ। सन्दर्भनिर्देश गर्दा र सन्दर्भसूची दिँदा एपिए वा एमएलए मध्ये कुनै एक ढाँचाको प्रयोग गरिएको हुनुपर्छ। संस्कृत र नेपाली भाषाका लेखमा पादटिप्पणी विधिको पनि प्रयोग गर्न सकिन्छ । प्रति पृष्ठ १५ प्रतिशतभन्दा बढी मौलिक नभई अरूका कुरा उद्धरण भएका (COPIED) र प्रायशः हुबहु सारिएको लेखको मूल्याङ्कन गरिने छैन । लेख संस्कृत वा नेपालीमा टाइप गरेको भए A4 पेपरसाइजमा प्रीति फन्टमा १६ प्वाइन्ट र अङ्ग्रेजीमा Times New Roman, 12 प्वाइन्ट/साइजको अक्षर र लाइन स्पेस १.५ मा टाइप गरेको हुनुपर्छ ।

शोधलेखको सामान्य ढाँचा **(Format of Research Articles)** निम्नानुसार छ :

- शीर्षक (Topic) : शीर्षक समस्याकेन्द्री र विशिष्ट प्रकृतिको हुनुपर्छ।
- लेखसार (Abstract) १५० देखि २०० शब्दसम्म
- मुख्य शब्दावली (Keywords)
- विषयप्रवेश/विषयपरिचय (Background)
- समस्या र उद्देश्य (Problem and objectives)
- आवश्यकतानुसार पूर्वकार्यसमीक्षा (Literature Review)
- अध्ययनविधि (Methodology)
- विषयवस्तुको विश्लेषण र विस्तार (Analysis and Expansion of the content/text)
- निष्कर्ष (Conclusion)
- सन्दर्भसामग्री (Reference materials) APA/MLA format अनुसार लेखमा उल्लेख तथा साभार गरिएका मात्र